भेरीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

☎०८३-५५०१५५
☎०८३-५५०३१०,३११,३१२
E-mail:info@bheriganagamun.gov.np
ito.bheriganagamun@gmail.com
Website: bheriganagamun.gov.np
☎ Toll Free 18105000311

प.सं. :- २०८१/०८२
च.नं.:

## नदिजन्य पदार्थ उत्खनन गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८१/०७/०९ गते)**
**(दोश्रो पटक प्रकाशित मिति: २०८१/०८/१२ गते)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ घ (१) घ (२), र घ (६) मा भएको व्यवस्था, नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७७, यस सम्बन्धि प्रचलित एन नियम र नगर कार्यपालिकाको निर्णय बमोजिम यस भेरिगंगा नगरपालिकाले तोकिएको नदि र खोलाहरुको स्वीकृत स्थानहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन गरी भेरिगंगा नगरपालिकाले तोकेको दरमा विक्री गर्नेगरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ।

**शर्तहरु**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, वोलपत्र फाराम दस्तुर वापत कृषि बिकास बैंक, छिन्चु शाखा, सुर्खेतमा रहेको यस कार्यालयको संचित कोष खाता नं ०७२१००११४६०३७२२१ (0721001146037221) मा नगद जम्मा गरेको नगद भौचरसाथ निवेदन मितिः २०८१/०८/२६ गते समय दिनको ४ बजे सम्म बोलपत्र फाराम download गर्न सकिनेछ। बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको **www.bolpatra.gov.np/egp** बाट मात्र बोलपत्र download तथा upload गर्न सक्ने व्यवस्था गरिएको छ ।

२. बोलपत्र फारम भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफूले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको धरौटी हि.नं. ०७२१००११४६०३७१६७ (0721001146037167) मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा स्थानीय सरकार सञ्चालन ऐन २०७४, वमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको विड बण्ड बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, फोन नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाइ मिति २०८१/०८/२७ गते दिनको १२:०० बजे भित्र विध्युतिय माध्यमबाट (electronically मात्र) दर्ता गर्न सकिने छ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन

५. रीतपूर्वक पर्न आएका बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको मिति २०८१/०८/२७ गते दिनको १:०० बजे कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै



Scanned with CamScanner

# भेरीगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

☎०८३-५४०१५५
☎०८३-५४०३१०,३११,३१२
E-mail:info@bheriganganmun.gov.np
ito.bheriganganmun@gmail.com
Website: bheriganganmun.gov.np
☎ Toll Free 18105000311


प.सं. :- २०८१/०८२
च.नं.:

ठेकेदार वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन विदा परेमा उल्लेखित कार्यहरु विदा पछि कार्यालय खुलेको दिनको १:०० बजे खोलिने छ । ।

६. नदिजन्य पदार्थहरु नदीलाई नै घाटगद्‌दी स्थल तोकि सोही निर्धारित स्थलबाट मात्र उत्खनन तथा विक्री वितरण गर्नुपर्ने ।

७. ठेक्का सम्बन्धी विस्तृत जानकारी वोलपत्र फाराममा उल्लेख गरिएको हुंदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

८. म्याद नाघी, रीत नपुगी र/वा शर्तसहित पेश हुन आएका बोलपत्रहरु स्वीकार गर्न यस कार्यालय वाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा खरिद प्रक्रिया रद्ध गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोवस्त गरिनेछ ।

१०. यस नगरपालिकाका नदि तथा खोलाहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दमर्मा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ घ (१), घ (२), र घ (६) मा भएको व्यवस्था, यस सम्बन्धि प्रचलित एन नियम, नदिजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) एवं नेपाल सरकारबाट भएका निर्देशनहरु, वा उल्लेखित प्रावधान विपरित हुने गरी कार्य गर्न पाईने छैन ।

११. साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् ।

(नोट: विस्तृत जानकारीको लागि यस कार्यालयको www.bheriganganmun.gov.np मा समेत हेर्न सकिनेछ।)

**तपसिल**

| सि.नं. | सूचना नं./ठेक्का नं. | ठेक्काको नाम | उत्खनन परिमाण (घन मिटर) | | न्युनतम ठेक्का रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १. | BGM/MINES/NCB/2081/082-03 | ढुंगा, गिट्टी र बालुवा उत्खनन, संकलन तथा बिक्रि वितरण | भेरी नदि, छिन्चु खोला, डुंगी खोला, कालापानी खोला, झिग्नी खोला, गोचे खोला | ८०७४१.६९ | रु.१,४२,५८,९८२.४५/- | कबोल अंकको ५% | ३००० |

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner